फोन नं. ४२११९९१, ४२००५९५
फ्याक्सः ९७७-१-४२११८७७
अडियो नोटिस बोर्ड नं.: १६१८०१४२००५९५
इमेलः info@moless.gov.np
वेवसाइटः www.moless.gov.np

नेपाल सरकार

# श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

पत्र संख्याः-
चलानीः-

सिंहदरबार, काठमाडौं
नेपाल

## प्रेस विज्ञप्ती

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सचिव श्री एकनारायण अर्याल र नेपालका लागि संयुक्त अरब इमिरेट्सका राजदुत महामहिम Abdul Al Shamsi बीच आज श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमा भेट वार्ता सम्पन्न भयो। भेटका क्रममा मन्त्रालयका सचिवले संयुक्त अरब इमिरेट्समा रहेका नेपाली श्रमिकका हकहीत प्रबर्द्धनका सम्बन्धमा छलफल केन्द्रित गर्नुभएको थियो। नेपाल र संयुक्त अरब इमिरेट्स सरकारबीच भएको द्धिपक्षीय श्रम सम्झौता प्रभावकारी कार्यान्वयन गर्न गठित संयुक्त समितिको बैठक यस वर्ष नेपालमा आयोजना गर्ने गरी कुटनीतिक तयारी गर्ने छलफल भयो। छलफलका क्रममा मन्त्रालयका सचिव अर्यालले नेपाली श्रमिकको हक अधिकारको रक्षा, सामाजिक सुरक्षा, न्यायोचित भर्ना प्रकृया, न्युनतम तलब, पुनएकीकरणका सम्बन्धमा नेपालले अपनाएको नीतिको चर्चा गर्दै यसको सफल कार्यान्ययनका लागि संयुक्त अरब इमिरेट्स सरकारका तर्फबाट गर्न सकिने सहयोगका लागि अनुरोध गर्नु भएको थियो। यसैगरी नेपाली श्रमिकहरुको व्यवसायिक सीप विकास, नयाँ क्षेत्रमा रोजगारी सिर्जना र सरकारी अधिकारीहरुको क्षमता विकासमा दुबै देशहरुबीच हुनसक्ने सहकार्यका सम्बन्धमा समेत छलफल भएको थियो।

छलफलमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सहसचिव राजिव पोखरेल, उपसचिव कविराज उप्रेती लगायत पदाधिकारीहरुको समेत उपस्थिति रहेको थियो।





मितिः २०७९ फाल्गुण २६ गते

कविराज उप्रेती
उपसचिव/सहायक प्रवक्ता